# शितगंगा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः १०,** **संख्याः २,** **मितिः २०८३/०२/१७**

## भाग - २

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिका पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना**

परम्परागत एकल र वस्तुगत कृषि तथा पशुपालन व्यावसायलाई आधुनिक र उन्नत प्रविधिको विकास गर्दै जग्गाको चक्लाबन्दी गरी बेरोजगार युवा तथा सक्रिय कृषकहरुको सक्रियतामा कृषक, कृषक समूह/ सहकारी, कृषि/ पशुपालन फर्म मार्फत कृषि तथा पशुपालन व्यावसाय गरी दुध, मासु र अण्डामा आत्मनिर्भर बन्नुका साथै उत्पादनमा वृद्धि गरी आर्थिक विकासमा टेवा पुर्याउन शितगंगा नगरपालिका र कृषकहरुको लागत साझेदारीमा शितगंगा नगरपालिकामा उत्पादन हुने पशुजन्य उपजलाई विशिष्टिकृत गर्दै सहज र सरल बजारको व्यावस्थापन गरी कृषकबाट उत्पादित वस्तुहरुको सहज बजारीकरण गरी कृषकको मनोवल उच्च राख्दै **"आधुनिक कृषि र पर्यटकीय क्षेत्रको स्थापना, समुन्नत शितगंगा हाम्रो चाहना"** बनाउने उद्देश्यले नगरसभाबाट विनियोजित बजेटको कार्यान्वयनको लागि पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बनाउन आवश्यक भएकोले शितगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"शितगंगा नगरपालिका पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरसभा" भन्नाले शितगंगा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले शितगंगा नगरकार्यपालिका सम्झनुपर्दछ।

(ग) "प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(घ) "उपप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "वडा अध्यक्ष" भन्नाले शितगंगा नगरपालिका अन्तर्गतका वडा अध्यक्षहरु सम्झनु पर्दछ।

(छ) "कृषि विकास शाखा" प्रमुख भन्नाले शितगंगा नगरपालिकाको कृषि विकास शाखा प्रमुखलाई सम्झनुपर्दछ।

(ज) "पशु सेवा शाखा" भन्नाले शितगंगा नगरपालिका पशु सेवा शाखा प्रमुख सम्झनु पर्दछ।

(झ) "प्राविधिक शाखा प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको प्राविधिक शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) "मुल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

(ट) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक, कृषक समुह/ सहकारी/ व्यवसायिक कृषि/ पशुपन्छी फर्म सम्झनु पर्दछ।

**३. उद्देश्य : यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन् :**

(क) नगरपालिका भित्र कृषि, पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ख) दुध, अण्डा र मासु तथा कृषिजन्य पदार्थ मा आत्मनिर्भर बनाउने,

(ग) बेरोजगार तथा निर्वाहमुखी कृषि खेती तथा पशुपन्छी पालनमा लागेका कृषकहरुलाई व्यवसायिकता तर्फ आकर्षण गर्दै आर्थिक विकास गर्ने,

(घ) रोजगारीको सृजना गरी कृषि तथा पशुपालन व्यवसायको व्यवसायिकता मार्फत गरिबी निवारण गर्ने,

(ङ) नगरको कृषि उपज निर्यातको लागि व्यवसायिक कृषकहरुलाई कृषि पेशामा आबद्ध हुन प्रेरित गर्ने,

(च) कृषकहरुलाई व्यवसायिक कृषि पेशा प्रति आकर्षित गर्ने,

(छ) नगरभित्रका कृषकहरुलाई आवश्यक प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने।

**४. सरोकारवाला निकायहरुको भुमिका** : कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भुमिका रहनेछ :

**४.१ नगरपालिकाको भुमिका**

(क) स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/ सुचकहरुको आधारमा प्रस्तावहरुको मुल्याङ्कन तथा छनौट गर्ने।

(ख) यस कार्यविधि अनुसारका कार्यक्रमहरुको सञ्चालन गर्दा कृषि/ पशु प्राविधिकहरुको समन्वयमा गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने।

(घ) सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने गराउने।

(ङ) प्रचलित कानुन बमोजिम खर्च गर्ने/ गराउने, लेखा राख्ने र राख्न लगाउने।

(च) प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने अन्य नियमहरु पालना गर्ने गराउने।

(छ) कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने।

**४.२ लाभग्राहीको भुमिका**

(क) लाभग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानुन बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समय सिमा भित्र पेश गर्ने।

(ख) जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्ने।

(ग) सम्झौतामा उल्लेखित भए बमोजिम कार्य सम्पन्न प्रतिवेदन समावेश गर्ने।

(घ) लाभग्रीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने।

(ङ) तोकिएको समयमा कार्य सम्पन्न नभएमा लागत बृद्धि भएमा वा कुनै हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित लाभग्रीको हुनेछ।

**४.३ सम्बन्धित वडाको भुमिका**

(क) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन का लागि आवश्यक सहजिकरण गर्ने।

(ख) आवेदन सङ्कलन गरी सम्बन्धित शाखामा बुझाउने।

(ग) कार्यक्रमको अनुगमन/ निरिक्षण गर्ने गराउने।

(घ) कार्य सम्पन्न पश्चात भुक्तानीका लागि सिफारिस गर्ने।

## परिच्छेद २

## सञ्चालन गरिने कार्यक्रम र सञ्चालनको प्रकृया

**५. कृषि विकास तथा पशु सेवा कार्यक्रमको विवरण :** वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही अनुसूची १ बमोजिमका कार्यक्रम सम्बन्धित शाखाबाट सञ्चालन हुनेछन्।

**६. प्रस्ताव माग :** नगरपालिकाले कम्तिमा १५ दिनको म्याद राखि अनुसूची २ बमोजिम आवेदनको लागि सूचना प्रकाशन गर्नेछ। उक्त सूचना नगरपालिका तथा सबै वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

**७. प्रस्ताव पेश :** दफा ६ बमोजिम सूचना अनुसार अनुसूची १ मा उल्लिखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले नगरपालिकामा प्रस्ताव पेश गर्दा अनुसुची ३ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

लागत सहभागितामा अनुदान कार्यक्रम सञ्चालन को हकमा अनुसुची ४ बमोजिमको ढाँचामा दोहोरो अनुदान नलिएको स्व:घोषणा सहित पेश गर्नुपर्नेछ।

**८. प्रस्ताव मुल्याङ्कन र सिफारिस**

(क) दफा ७ बमोजिम पेश भएका प्रस्तावहरु सम्बन्धित शाखाले सङ्कलन गरी मुल्याङ्कन तथा छनौट समितिमा पेश गर्नेछ।

(ख) यसरी पेश भएका प्रस्तावहरु तथा निवेदनहरुको तथ्यगत प्रमाणीकरणका लागि कार्यालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(ग) उपदफा २ बमोजिमको स्थलगत प्रमाणीकरण सहित अनुसुची ५ बमोजिमको प्रस्ताव मुल्याङ्कनको आधारमा प्राथमिकता क्रम तयार गरी दफा ५ बमोजिमको कार्यक्रम स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ र प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत भए पश्चात कार्यक्रम सञ्चालनमा ल्याइने छ। त्यसरी स्वीकृत गर्दा सम्भव भए सम्म वैकल्पिक सेवाग्राही सहित स्वीकृत गर्नुपर्नेछ।

(घ) उपदफा ३ बमोजिम छनौट भएका वा वैकल्पिक सुचीमा परेका प्रस्ताव तथा निवेदनहरु प्राथमिकताका आधारमा राख्नुपर्ने छ।

**९. सम्झौता प्रकृया**

(क) छनौट भएका निवेदन तथा प्रस्तावहरुलाई कम्तिमा ७ दिनको म्याद दिइ सम्झौताका लागि सूचना दिनुपर्ने छ।

(ख) उपदफा (क) बमोजिम प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना सञ्चालन को लागि पालिकाले छलफलका आधारमा संशोधन सहित अनुसुची ६ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ।

(ग) दफा ८ बमोजिम छनौट भएका निवेदन तथा प्रस्तावहरु तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई सम्झौताको लागि सुचित गरिनेछ। वैकल्पिक सूचीको लाभग्राही पनि सम्झौता वा कार्यक्रम सञ्चालन गर्न सम्भव नभएमा पुनः ७ दिने सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद ३
## अनुगमन, मुल्याङ्कन र भुक्तानी प्रकृया

**१०. अनुगमन तथा मुल्याङ्कन**

(क) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित शाखा वा नगरपालिकाको अनुगमन समितिले अनुगमन गर्नु पर्नेछ।

(ख) लाभग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति वार्षिक रुपमा कार्यालयमा बुझाउनु पर्नेछ।

(ग) कार्यालयले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात् कार्यक्रमका पुर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभावकारी मुल्याङ्कन गर्ने छ।

(घ) दफा १२ बमोजिमको मुल्याङ्कन तथा छनौट समिति तथा नगरपालिकाको अनुगमनका आधारमा कार्यक्रमको मूल्याङ्कन गरिने छ।

**११. भुक्तानी प्रकृया**

(क) नगरपालिकाले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रकृया प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ।

(ख) लाभग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सञ्चाचालन भएका क्रियाकलापहरुको सक्कल बिल भरपाई सङ्लग्न राखि वडाको सिफारिस सहित भुक्तानी माग गर्नुपर्ने छ।

(ग) भुक्तानी माग भएपछि नगरपालिकाले तोकेको प्राविधिकबाट कार्य सम्पन्नताको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि लाभग्रहीको बैंक खाता मार्फत एकमुष्ट भुक्तानी दिनु पर्नेछ।

**१२. मुल्याङ्कन तथा छनौट समिति :** प्रस्ताव आह्वान गर्दा तोकिएको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा मुल्याङ्कन गरी छनौट सिफारिस गर्नका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा छनोट समिति रहने छ। उक्त समितिले आवश्यकता अनुसार सम्बन्धित शाखाका अन्य प्राविधिकहरुलाई परिचालन गरी मुल्याङ्कन गर्न सक्नेछ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| सम्बन्धित शाखा हेर्ने प्रमुख | सदस्य सचिव |

## परिच्छेद ४
## विविध

**१३. सेवा सुविधाबाट बञ्चित गर्न सकिने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरुपयोग हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको, प्रमाणित हुन आएमा नगरपालिकाले प्रचालित कानूनले तोकेबमोजिम कारवाही प्रक्रिया अगाडी बढाइने छ।

**१४. संशोधन :** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१५. बाधा अड्काउ फुकाउ :** कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**१६. कानून बमोजिम हुने :** यस कार्यविधिमा तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

अनुसूची १
परिच्छेद २
दफा ५ सँग सम्बन्धित

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरु | अनुदान, सेवा तथा सुविधा |
|---|---|---|---|---|
| १. | उन्नत जातको बोका वितरण ५०% प्रतिशत अनुदानमा | प्रत्येक कृषकहरुको घरमा कम्तिमा २५ वटा माउ बाख्रा पालन गरेको।<br><br>विगतमा यस किसिमको कार्यक्रममा सहभागि नभएकोलाई प्रथमिकता । | उन्नत जातका बोका वितरण,<br>तालिम,<br>बोकाबाट भएको आम्दानीको वर्षिक प्रतिवेदन पेश गर्ने। | ५०% लागत साझेदारी कार्यक्रम सञ्चालन हुने । |
| २. | भुसीया कुकुर बन्ध्याकरण | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखँची, पशु कल्याणमा संलग्न संस्था, सरोकारवालाहरूसँग समन्वय गरी भुसीया कुकुरहरूको बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने।<br><br>विज्ञ पशु चिकित्सक (बाह्य) सेवा लिन सकिने। | कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लजिष्टिक, बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br><br>अभिलेखीकरण र प्रतिवेदन तयार गरी पेश गर्ने। | नगरपालिकाले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने।<br>बाह्य विज्ञ पशु चिकित्सकलाई खर्चको मापदण्ड बमोजिम भ्रमण भत्ता/ पारिश्रमिक दिन सकिनेछ। |
| ३. | कृषि तथा पशु स्वास्थ्य तालिम कार्यक्रम , गोष्ठी | कृषक, प्राविधिक तथा निजि पाराभेटको माग अनुसार तालिम सञ्चालन हुनेछ।<br>तालिममा कम्तिमा २५ जना सहभागि हुनु पर्नेछ। | कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लजिष्टिक, बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br>अभिलेखीकरण र प्रतिवेदन तयार गरी पेश गर्ने। | नगरपालिकाले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरु | अनुदान, सेवा तथा सुविधा |
|---|---|---|---|---|
| ४. | विभिन्न रोगका लागि भ्याक्सिन तथा पारिश्रमिक | भ्याक्सिनेटरहरूको सूची तयार गर्ने, कम्तीमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिएको भेक्सिनेटर परिचालन गर्न सकिने, भ्याक्सिनेटरले खोप लगाएको संख्या पुष्टि हुनुपर्ने। | अत्यावश्यक पशु भ्याक्सिन खरिद (लम्पी स्कीन, रेबिज र आवश्यक्ता अनुसार अन्य भ्याक्सिन) भ्याक्सिनेटरलाई पारिश्रमिक । प्रचार प्रसार, ब्यानर, ईन्धन, खाजा। | भ्याक्सिनेटरलाई पशुमा खोप लगाएको सेवा शुल्क बापत ठूलो पशु गाई भैँसीको लागि रु. २० र सानो पशु बाखा भेडाको लागि रु.१० र कुकुरको लागि रु. ५० प्रदान गर्ने। |
| ५. | कृत्रिम गर्भाधानका लागि तरल नाइट्रोजन खरिद | तरल नाईट्रोजन राष्ट्रिय पशु प्रजनन कार्यालय पोखरा, नेपालगञ्ज वा मान्यता प्राप्त नीजि सप्लायर्सबाट खरिद तथा ढुवानी गरी भण्डारण र वितरण गर्नु पर्ने। | तरल नाईट्रोजन र सिमेन्ट खरिद, ढुवानी, दैनिक भ्रमण भत्ता, सो संग आवश्यक सामग्री खरिद तरल नाईट्रोजन र सिमेन्ट भण्डारण, अभिलेखीकरण तथा प्रतिवेदन तयार गरी पेश गर्ने। | नगरपालिकाले लागत अनुमान तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ६. | पशु औषधी खरिद | माग अनुसार औषधी खरिद | सबै वडामा आवश्यक्ता अनुसार औषधी खरिद तथा वितरण। | निःशुल्क वितरण। |
| ७. | पशु स्वास्थ्य शिविर सञ्चालन तथा दिवस कार्यक्रम | स्थान छनौट गर्ने। माग अनुसार औषधी खरिद। | आवश्यक्ता अनुसार स्थान छनौट गरी औषधी वितरण | निःशुल्क वितरण। |

## अनुसूची २

## परिच्छेद २
### दफा ६ सँग सम्बन्धित

### कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाको ढाँचा

**प्रथम पटक प्रकाशित मिति : ..........................**

यस नगरपालिकाको आ.व. ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ......... कार्यक्रम अनुदानमा सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कृषक, कृषक समूह, कृषि फर्म वा सहकारी संस्थाको तर्फबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरु :

- सक्कल निवेदन,
- नेपाली नागरिकताको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- फर्म/ समूह दर्ता/ नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

.............................

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ३**
**परिच्छेद २**
**दफा ७ सँग सम्बन्धित**
**निवेदनको ढाँचा**

मिति : .................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
शितगंगा नगरपालिका, ठाडा, अर्घाखँची।

विषय : प्रस्ताव पेश गरिएको बारे।

प्रस्तुत विषयमा शितगंगा नगरपालिकाबाट मिति ............. गते प्रकाशित सूचना बमोजिम ................... कार्यक्रम सञ्चालन का लागि सूचनामा उल्लेखित कागजातहरु संलग्न गरी यसै निवेदन साथ पेश गरेको बेहोरा अनुरोध गर्दछु।

संलग्न कागजातहरु :

- सक्कल निवेदन,
- नेपाली नागरिकताको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- फर्म/ समूह दर्ता/ नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

निवेदक : ...............
नाम :
ठेगाना :

**अनुसूची ४**
**परिच्छेद २**
**दफा ७ सँग सम्बन्धित**
**दोहोरो अनुदान नलिएको स्वःघोषणाको ढाँचा**

मिति : ....................

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
शितगंगा नगरपालिका, ठाडा, अर्घाखँची।

**विषय : स्वःघोषणा सम्बन्धमा।**

शितगंगा नगरपालिकाको आर्थिक वर्ष ........ को स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/ प्रदेश सरकार /स्थानीय तह/ अन्य निकायबाट उपलब्ध गराइने रकम / सामग्री/ उपकरण/ अन्य वस्तु लिन इच्छुक रहेकाले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट उपलब्ध गराइएको रकम/ सामग्री/ उपकरण/ अन्य वस्तु मैले /हामीले /मेरो /हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु। यदि मैले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/ संस्थागत रुपमा सरकारि बाँकी सरह असुल उपर भएमा मेरो/हाम्रो कुनै दाबी/ विरोध रहने छैन।

हस्ताक्षर : ...................................
नाम थर :
ठेगाना :
सम्पर्क नं. :

# अनुसूची ५
## परिच्छेद २
## दफा ८ सँग सम्बन्धित
## प्रस्ताव मूल्याङ्कनका आधारहरू

**क) प्रारम्भिक मूल्याङ्कन**

सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/ नपुगेको आधारमा पालिकाले योग्यता पुगेका प्रस्तावहरूलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गर्नुपर्नेछ।

**ख) स्थलगत निरीक्षण मूल्याङ्कन**

आवेदक व्यक्ति/ संस्थाको नाम :

सम्पर्क व्यक्ति र नम्बर :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

**मूल्याङ्कन फाराम**

| क्र.सं. | सूचक | भार | प्रासाङ्क | मापदण्ड |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १० | | • बिद्युत, सडक, पानीको सुविधा भएको = ४<br>• बिद्युत, सडक सुविधा भएको = ६<br>• सडक सुविधा भएको = ८<br>• केही नभएको = १० |
| २ | भौगोलिक/ प्राविधिक उपयुक्तता | ५ | | • भौगोलिक रुपले उपयुक्त वातावरण र प्राविधिकको उपलब्धता भएको = ५<br>• भौगोलिक रुपले उपयुक्त वातावरण र प्राविधिकको उपलब्धता नभएको = ३<br>• भौगोलिक रुपले अनुपयुक्त वातावरण र प्राविधिकको उपलब्धता भएको = १<br>• |
| ३ | उत्पादित वस्तुको बजार योजना | १० | | • आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) = १०<br>• उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको = ८<br>• सम्झौता नभएको, अनौपचारिक बजारीकरण भएको = ५ |
| ४ | रोजगारी सिर्जना | १५ | | • ५ जना भन्दा वढी रोजगारी सिर्जना हुने = १५<br>• ३ देखि ५ जना रोजगारी सिर्जना हुने =१०<br>• १ दखि २ जना रोजगारी सिर्जना हुने = ५ |
| ५ | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १० | | • आफ्नै (व्यक्ति/संस्था) लगानी रहेको = १०<br>• वित्तिय संस्थाबाट ऋण लिएको = ८<br>• समुदायमा संकलन गरी जुटाएको = ५ |

| | | | | |
|---|---|---|---|---|
| | | | | • लगानी क्षमता नभएको = ० |
| ६ | सम्बन्धित विषयमा अध्ययन/ तालिम वा वैदेशिक रोजगारीका बखत काम गरेको अनुभव | ५ | | • अध्ययन/ तालिम/ वैदेशिक रोजगारीका बखत सम्बन्धित काम गरेको कागजात रहेको वा विगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको = ५<br>• नयाँ सञ्चालन गरेको = ३ |
| ७ | लगानीमा समावेशीता (दलित, जनजाती, मुक्त कमैया, अल्पसंख्यक, कमलहरी, मधेशी, पिछडा वर्ग, विपन्न, मुस्लिम, महिला आदि) | ५ | | • समावेशीतामा तोकिएका वर्ग/ समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा बढी भएमा = ५<br>• समावेशीतामा तोकिएका वर्ग/ समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा = ४<br>• समावेशीतामा तोकीएका वर्ग/ समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा = ३<br>• समावेशीतामा तोकिएका वर्ग/ समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = २<br>• व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/ समुदाय = ५ |
| ८ | अनुदानमा पहुँच | ५ | | • हालसम्म अनुदान प्राप्त नगरेको = ५<br>• विगतमा अनुदान प्राप्त गरेको =० |
| ९ | वातावरणीय प्रभाव व्यवस्थापन | ५ | | • सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५<br>• सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३<br>• सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=० |
| **कुल** | | ७० | | |

*नोट : मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।*

## अनुसूची ६
## परिच्छेद २
## दफा ९ सँग सम्बन्धित
## सम्झौता

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र आर्थिक वर्ष ........ मा सञ्चालन हुने ....................... कार्यक्रमको लागि छनौट भएका कृषक/ समूह/ समिति /सहकारी श्री ............................................ (यस दोस्रो पक्ष भनिने) बीच मिति २० /..../.... गते तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी एक एक प्रति लियौँ/ दियौं।

**तपसिल :**

१. यो सम्झौता मिति .....................................देखि मिति.................... सम्म लागू हुनेछ।

२. कार्यक्रमको लागि विनियोजित रकम रु. .......................... (अक्षरेपी .................), प्रथम पक्षले बेहोर्ने रकम रु. ................ (अक्षरेपी .................) र बाँकी रकम रु. ........... (अक्षरेपी ..................) दोश्रो पक्षले नगद वा लागत सहभागिता जुटाउन पर्नेछ।

३. दोस्रो पक्षले आफ्नो लगानीबाट सम्पन्न भएको कामको बिल/ भरपाई, जिन्सी सामग्री दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नुपर्ने छ। दोस्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले प्राविधिक तोकि कार्यको प्रगति अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा प्रथम पक्षले नियमानुसार कर कट्टी गरी भुक्तानी गर्नेछ। कार्य सम्पन्न भई भुक्तानी भएमा सम्झौता बमोजिमका संरचना/ सामग्रीहरू दोस्रो पक्षलाई स्वतः हस्तान्तरण हुनेछ।

४. दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारको सबै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि कार्य गर्नुपर्ने छ। सम्झौता बमोजिम निर्धारित समय भित्र कार्य सम्पन्न नगरेमा प्रथम पक्षले भुक्तानी गर्ने छैन।

५. द्विपक्षीय सम्झौता बमोजिमको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने छ र सुधार नदेखिए एक पक्षीय रूपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

६. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेख गरी तोकिएको ढाँचामा सबैले देख्ने स्थानमा सूचनापाटी राख्नुपर्ने छ।

७. सम्झौतामा उल्लेखित कुनै बुँदाहरू कार्यान्वयनमा दुविधा उत्पन्न भई परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा सम्झौताको अवधी नसकिँदै गर्न सकिने छ। त्यसरी परिमार्जन गर्दा कार्यक्रम सञ्चालन स्थान र कार्यालयको रकम परिवर्तन गर्न पाईने छैन।

*नोट : कार्यलियले सम्झौताका बुँदाहरू आवश्यकता अनुसार थप गर्न सक्नेछ।*

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मितिः | मिति : |

**रोहवर** :

इति सम्वत् ...... ... ...... साल ... ...... महिना ...... गते रोज ...... शुभम्।

प्रमाणिकरण मिति २०८३/०२/१७

आज्ञाले
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकिय अधिकृत